नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रीज्यूको स्वकीय सचिवालय

फोनं. : ४२००३५३
फयाक्स नं. : ४२००३७३

च.नं. : ६४
आ.व. :

मिति : २०७५/०१/१३

# प्रेस नोट

हिजो अर्थात २०७५ बैशाख १२ गते माननीय शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेल गोरखा जिल्ला पालुङटार नगर पालिका वडा नम्बर-८ लुइँटेलमा रहेको भुकम्पबाट क्षतिग्रस्त अमर ज्योति जनता माध्यमिक विधालयको निरीक्षण गर्न पुग्दा बिद्यार्थीहरुले फुलको गुच्छा दिएर स्वागत गरिरहेको तस्वीर सञ्चारमाध्यम र सामाजिक संजालमा विभिन्न कोणवाट भएको टिप्पणी प्रती हाम्रो सचिवालयको गम्भिर ध्यानाकर्षण भएको छ ।

हामी कार्यक्रम स्थलमा पुग्दा मन्त्री ज्युको स्वागतका लागी हातमा फुलका गुच्छाहरु लिएर लामबद्ध बिद्यार्थीहरु बसिरहेका भेटीए । जुन कुरा आयोजक बाहेक अरु कसैलाई जानकारी थिएन । लामबद्ध बिद्यार्थीहरुको मनोबिज्ञानमा असर नपार्न र हौंसला प्रदान गर्नका लागी बिद्यार्थीहरुबाट माननीय मन्त्री ज्यूले फुलका गुच्छा लिनुभयो । माननीय मन्त्री ज्युले तत्काल शिक्षा बिभागका महानिर्देशक बाबुराम पौडेल र शिक्षा विकास तथा समन्वय इकाई गोरखा जिल्ला प्रमुख दीपेन्द्र सुवेदीलाई कुनैपनी कार्यक्रममा बिद्यार्थीलाई परम्परागत शैलीमा लाइनमा राखेर स्वागतका लागी प्रयोग गर्न नमिल्ने र यो संस्कार गलत भएकोले आइन्दा नर्गन/नगराउन निर्देशन गर्नुभयो । साथैं काठमाण्डौ फर्के लगतै यस्ता संस्कारहरु सदाका लागी अन्त्य गर्न शिक्षा सचिवलाई फाईल तयार गर्न पनि निदेशन दिनुभएको छ ।

२०७२ को महाभुकम्पमा देशले गुमाएका नागरिक प्रती संम्झना गर्दै हिजो माननीय मन्त्री ज्युले माला र खादा पनि नलगाउन निर्देशन दिनुभएको र नयाँ पद्धती निर्माण गर्न अनुरोध गर्नुभएको पनि स्मरण गराउन चाहन्छौं । उक्त प्रसङ्गलाई जे जसरी प्रस्तुत गर्न खोजिएको छ उक्त प्रसङ्ग माननीय मन्त्रीको जिवन व्यवहार संग कहींकतैं नमिल्ने र यस्ता बिषयमा माननीय मन्त्री सधैं सचेत रहेको कुरा आम जनसमुदायमा स्पष्ट पार्न चाहन्छु ।

पुरन केसी
स्वकिय सचिव